नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
चैत्र/वैशाख २०६९/७० (April 2013) वर्ष १७/अङ्क १९३

## उपवासको बारेमा बाइबलले के भन्छ ?

– पाष्टर महेशप्रसाद थान्जू

मैले इसाई उपवासको सम्बन्धमा कतिपय घतलाग्दा कुराहरू यहाँ साथै उपत्यका बाहिरका कतिपय मण्डलीहरूलाई बेला-बखतमा सिकाएको छु । अन्य पुस्तक-पत्रपत्रिका कम तर धर्मशास्त्रलाई नै आधार बनाएर यो लेख तयार गर्ने काम भएको छ । मेरो व्यक्तिगत धारणामा, वर्तमानको भौतिकवादले अत्यन्तै ग्रस्त पारेको हाम्रो जीवनशैली तथा उत्तरआधुनिक दर्शनद्वारा प्रभावित सोचाइ भएका हामी इसाईहरू अब विगतमा भन्दा पनि बढी समय उपवाससहितको प्रार्थनामा बिताउने बेला आइसक्यो । यो लेखले इसाई उपवासप्रतिको हाम्रो परम्परागत धारणालाई अलिकता खल्बल्याउन सक्ने सम्भावना रहेतापनि त्यसमा सकारात्मक सुधार ल्याउने अपेक्षा मैले राखेको छु ।

मण्डलीमा उपवाससहितको प्रार्थना राख्नु हाम्रो नियमित परम्परा हो । स्वेच्छाले बेला-बखतमा आफ्नो निजी उपवास राख्नु पनि हाम्रो इसाई परम्परा हो । यदाकदा इसाई समुदायबाट मण्डलीको विशेष खाँचोलाई ध्यानमा राखी वृहत सामुहिक उपवासको आह्वान पनि हुने गरेको छ । हालसालै एक मण्डली-सन्दर्भित संस्थाले चालीस दिने उपवाससहितको प्रार्थनाको निम्ति आह्वान गरेको छ । वास्तवमा इसाई उपवास के हो, कस्तो हो, र यसले हाम्रो निजी आध्यात्मिक क्रियाकलापमा कस्तो भूमिका खेलेको हुनुपर्दछ भन्ने यस लेखको आशय हो । धर्मशास्त्र अनि विभिन्न श्रोत सामग्रीको सहयोग लिएर तयार पारिएको यस लेखबाट हाम्रा दिनहुँको आध्यात्मिक अभ्यासमा हामी सबैलाई भविष्यमा अझ धेरै उत्साह र प्रेरणा मिल्न सकोस् । प्रार्थनासहित पढ्दै जाऔं ।

धर्मशास्त्रले कतै पनि हामी इसाईहरूलाई "उपवास बस" भनीकन प्रत्यक्ष रूपमा आज्ञा गरेको छैन । परमेश्वरले हाम्रो निम्ति उपवासलाई अपरिहार्य बनाउनुभएको छैन । तर हाम्रा निम्ति उपवासचाहिँ लाभदायक, हितकारी र असल छ भनी बाइबल धर्मशास्त्रले बताउँछ । प्रेरितको पुस्तकमा, कतिपय अवसरहरूमा विश्वासीहरूले उपवास गरेको उदाहरण पाइन्छ (१३:४; १४:२३) । प्रार्थना र उपवास प्रायः साथसाथै जाने कुराहरू हुन् जस्तो हामीलाई लाग्दछ (लूका २:३७; ५:३३) । उपवास भनेकै निराहार बस्नु हो भन्ने कुरामा हामी जोड दिने गर्दछौं । तर वास्तवमा यस संसारका कुराहरूबाट निवृत्त भएर आफ्नो मन र चित्त परमेश्वरमा पूर्ण रूपमा लगाउनु उपवासको अभिप्राय हो । उपवासको समय परमेश्वरसितको हाम्रो सम्बन्धमा गहिरिएर जाने समय हो । हरेक उपवासको समयमा परमेश्वरसितको हाम्रो सम्बन्धले प्राथमिकता पाउनु पर्दछ । नियमित गरिने उपवासले परमेश्वरप्रतिको हाम्रो आस्था र भरोसा अनि दृष्टिकोणमा वृद्धि ल्याउन मदत गर्दछ ।

अस्थायी रूपमा भोजन त्याग्नु उपवास हो भनीकन हामी बुझ्दछौं, तथापी उपवासको अर्थ अस्थायी परहेज पनि हुन सक्तछ । प्रार्थनाद्वारा दत्तचित्त भएर परमेश्वरमा लागिरहनका निम्ति गरिएको कुनै पनि प्रकृतिको परहेज उपवास हुन सक्तछ । हाम्रो दैनिक क्रियाकलापभित्र पर्ने कतिपय गतिविधिबाट हामी परहेज गर्न सक्तछौं । जस्तै - मोबाइल/टेलिफोनको परहेज, पत्र-पत्रिकाको परहेज, निद्राको परहेज, मनोरञ्नका साधनहरूको परहेज आदि इत्यादि (लेवी १६:२९ र ३१; २३:२७, २९, ३२) । पति-पत्नीले गर्नुपर्ने परहेजका सम्बन्धमा पनि १ कोरिन्थी ७:१-५ ले बताएको छ । उपवासको समय स्वयंलाई इन्कार गर्ने समय हो । लेवी २३ अध्यायको पदहरू २७, २९ र ३२ मा प्रयोग भएको हिब्रू शब्द "अःनाः" को अर्थ "स्वयंलाई कष्ट दिनु, होच्याउनु वा निर्बल बनाउनु" भन्ने हुन्छ । यसो हेर्दाखेरि यसबाट क्रूसको चित्र हाम्रो सामुन्ने आउँछ । त्यसो भए के हामीले उपवास र क्रूसलाई अलग्ग गर्न सकौंला त ? यसैकारण धर्मशास्त्रले यसलाई "आफैलाई इन्कार गर्ने" समय भनेर संकेत गरेको छ ।

इसाई उपवासको अभिप्राय नियमित गतिविधि र क्रियाकलापबाट परहेज गरेर एउटा निश्चित समय वा अवधिभित्र हाम्रो चित्त र मनलाई परमेश्वरमा केन्द्रित गर्नु हो । उपवासको उद्देश्य शरीरको वजन घटाउनका लागि होइन । यो पनि विचार गरौं । उपवासको समय परमेश्वरसित घनिष्ठ हुने र उहाँको अझै नजीक जाने समय हो । परमेश्वरसितको सधैँको नियमित र सामान्य संगतिभन्दा अझै गहिरो र अर्थपूर्ण संगतिको समयभित्र उहाँमा प्रवेश गर्ने समय हो । उपवासको समय छाक छोड्ने होइन । पाप छोड्ने समय हो । उपवास भनेर छाक त छोड्छौं तर पाप छोड्दैनौं कि कसो ? नयाँ करार बाइबलमा येशू प्रभुले भन्नुभएको "उपवास" शब्दको अर्थ मूलभाषामा "धार्मिक वा आध्यात्मिक अभिप्रायले भोजन त्याग्नु" भन्ने हुन्छ ।कसैले भनेका छन् कि उपवासको घडीचाहिं संसारका थोकहरूबाट हाम्रो ध्यान र नजर फिराएर खीष्टमा हाम्रो ध्यान र नजर केन्द्रित गर्नु हो । कतिपयले ठाने झैं यो समय परमेश्वरलाई हाम्रो मनोकाँक्षा पूरा गरिदिन दवाब

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
| **चैत्र ३१ गते** अप्रिल १३ ता. | पाष्टर प्रेम श्रेष्ठ | डीकन मान बहादुर मगर | पाष्टर अशोक मुखिया | श्री छचोगेन रोंगोंग | पाष्टर दफ्तन सादा | एल्डर सामुएल क्षेत्री | एल्डर दिल थापा |
| **वैशाख ७ गते** अप्रिल २० ता. | पाष्टर एल.पी.न्यौपाने | पाष्टर अशोक मुखिया | डीकन बाग मान तामाङ्ग | एल्डर दिल थापा | एल्डर श्रीलक्ष्मी सैंजु | श्री ध्रुब घिमिरे | पाष्टर रोल्याण्ड रोंगोंग |
| **वैशाख १४ गते** अप्रिल २७ ता. | पाष्टर सामुएल कार्थक | श्री सरुष मान तामाङ्ग | श्री सिद्धि खालिङ | पाष्टर रोबर्ट कार्थक | एल्डर रूबेन श्रेष्ठ | संयुक्त सेवा ललितपुर चर्च | संयुक्त सेवा ललितपुर चर्च |
| **वैशाख २१ गते** मे ४ ता. | पाष्टर सामुएल कार्थक पाष्टर रोबर्ट कार्थक | डीकन राजु तामाङ्ग | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर राजेन्द्र रोंगोंग पाष्टर बि.बि. खवास | श्री वीर बहादुर देउला | पाष्टर रोल्याण्ड रोंगोंग | पाष्टर दफ्तन सादा |

दिने अवसर होइन । उपवासको कारण हामी बद्लिन्छौं, परमेश्वर होइन । उपवासको समय मण्डलीका अन्य दाजुभाइ, दिदीबहिनीहरू भन्दा बढी आत्मिकी देखापर्ने समय पनि होइन । यो कुरा मत्ती ६:१६-१८ मा येशू प्रभुले जोड दिएर भन्नुभएको छ । आगामी दिनहरूमा, हाम्रा उपवासका समयहरू अब झनै आशिषित र अर्थपूर्ण बन्ला कि ?

यहाँ साथै विदेशमा बजारका रेष्टुरेण्टहरूमा भोजनको आनन्द लिने जीवनशैली प्रायः प्रायः अँगालेका हामी कतिपयहरूका लागि यो समयमा उपवासको चर्चा गर्नु कतिको प्रासँगीक होला ? मण्डलीका सम्पूर्ण विश्वासीहरूलाई मेरो यही आग्रह छ कि यो महिनाभरी नै हामी हाम्रा परिवारसँग मीठा-मीठा भोजन र परिकारहरूको आनन्द लिइरहेको बखत पनि परमप्रभु परमेश्वरसितको हाम्रो घनिष्ठतामा कुनै आँच नआएको होस् ।

## जानकारी

फागुन १४ गते/फरवरी २५ ता. सोमबार नेइम गोंगबूँ चर्चमा २ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

फागुन २८ गते/मार्च ११ ता. सोमबार नेइम पनौती चर्चमा ४ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

चैत्र २ गते/मार्च १५ ता. शुक्रबार नेइम ललितपुर मण्डलीमा २ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

चैत्र १० गते/मार्च २३ ता. शनिबार नेइम ललितपुर मण्डलीमा ४ परिवारका ६ जना बालबालिकाहरूको बाल अर्पण भयो ।

चैत्र १३ गते/मार्च २६ ता. मंगलबार नेइम ज्ञानेश्वर मण्डलीअन्तर्गत नेइम दोलखा मण्डली भवन उद्घाटन तथा अर्पण भयो । सोही दिन नेइम दोलखा मण्डलीको अगुवा श्री एलिया थामीलाई नेइमका पाष्टर गुरुबाहरूबाट एल्डर अभिषेक गरियो । उक्त कार्यक्रममा नेइम मण्डलीका पाष्टर गुरुबाहरू लगायत धेरै विश्वासीहरूको सहभागिता थियो ।

## साप्ताहिक सेवा संगतिहरू

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल, साहुगाउँ र धापासी |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, नगरकोट, सिर्जनानगर (बिहान ७:३०, १०:०० र १२:३० बजे) |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, जहरसिंह पौवा, सुन्दरीजल |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा, भैंसेपाटी |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल<br>जोरपाटी |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |

| प्रार्थना सभा | बार | समय | स्थान | |
|---|---|---|---|---|
| | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, कपन | बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार | |
| | सोमबार | बिहान ६:०० बजे | जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, साँखु, गोंगबूँ, पनौती, सिर्जनानगर | |
| | मंगलबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, धापासी, बौद्ध-बज्रनगर, कमलाक्षी, मनहरा पुल (पेप्सीकोला), तिलगंगा, ताहाचल | |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैसेपाटी, कमलाक्षी, ताहाचल | |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ | |
| | शुक्रबार | बिहान ६:०० बजे | ललितपुर, जोरपाटी, गोंगबूँ, कालीमाटी, गाम्छा, सुन्दरीजल, ठिमी-नगदेश | दिउँसो ३:०० बजे पनौती |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | गोंगबूँ | धापासी | रानीपौवा | साङ्गुगाउँ |
|---|---|---|---|---|---|---|---|---|
| **चैत्र ३१ गते** अप्रिल १३ ता. | पाष्टर एल.पी.न्यौपाने | श्री राज गुरूङ्ग | श्री लाक्पा लामा | एल्डर जमान तामाङ्ग | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ मण्डली | श्री कुमार सेञ्चुरी | एल्डर धन ब. तामाङ्ग |
| **वैशाख ७ गते** अप्रिल २० ता. | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा-जोरपाटी चर्च** | | सुश्री दिल माया | श्री पिटर लिम्बू | श्री रमेश लामा | श्रीमती रिना तामाङ्ग | डीकनेस् आशमाया तामाङ्ग |
| **वैशाख १४ गते** अप्रिल २७ ता. | एल्डर दानिएल सापकोटा | श्री अमृत लामा | एल्डर गोपी राई | श्री लाक्पा लामा | डीकन अर्जुन ढकाल | श्री शुक्रराज घिमिरे | श्रीमती मिरा गुरुङ्ग | एल्डर धन ब. तामाङ्ग |
| **वैशाख २१ गते** मे ४ ता. | पाष्टर महेश थाँजु | एल्डर अष्ट श्रेष्ठ | श्री कृष्ण श्रेष्ठ | एल्डर जमान तामाङ्ग | पाष्टर बर्णबास श्रेष्ठ | पाष्टर एल.पी. न्यौपाने | संयुक्त सेवा गोंगबू चर्च | डीकनेस् आशमाया तामाङ्ग |

## जानकारी



रामहिटी बस्नुहुने नेइम जोरपाटी मण्डलीको सदस्य श्री कृष्ण (काले) श्रेष्ठ ६० वर्षको उमेरमा फागुन २१ गते/मार्च ४ ता. सोमबार प्रभुमा सुत्नुभयो ।



सापटार बस्नुहुने नेइम गाम्छा मण्डलीको सदस्य श्री धन बहादुर नगरकोटी ५४ वर्षको उमेरमा चैत्र ३ गते/मार्च १६ ता. शनिबार प्रभुमा सुत्नुभयो ।

ज्ञानेश्वर बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री हिरा बहादुर गुरूङ्ग चैत्र ६ गते/मार्च १९ ता. मंगलबार प्रभुमा सुत्नुभयो ।

## प्रार्थनाको अनुरोध

**वैशाख ११-१३ गते २०७०/अप्रिल २४-२६ ता. २०१३ बुधबार-शुक्रबार पोखरा रामघाट मण्डलीमा हुने अगापे अगुवा सम्मेलनमा वचनको सेवकाइ गर्नुहुनेहरू, यात्रा गर्नुहुनेहरू साथै सबै तयारीको लागि प्रार्थना गरिदिनुहुन अनुरोध छ ।**

## अप्रिल महिनाको कार्यक्रम

**वैशाख १ गते २०७०/अप्रिल १४ ता. २०१३ आइतबार नव वर्ष प्रार्थना आ-आफ्नो मण्डलीमा**

## प्रार्थनाका विषयहरू

१. देशमा हुन गइरहेको चुनाव शान्तिपूर्ण वातावरणमा हुन सकून् साथै चुनावी सरकार र विभिन्न पार्टीहरूको लागि प्रार्थना गरिदिऔं ।

२. देशको सबै क्षेत्रमा शान्ति, मिलाप समझदारी, सुधार र उन्नति आएको होस् भनी प्रार्थना गरौं ।

३. देशका मण्डलीहरूले आ-आफ्ना ठाउँहरूमा सुसमाचारको काम अझ जोडतोडले गर्न सकून् साथै सुनाएका सुसमाचार बाँडिएका पर्चाद्वारा धेरै मानिसहरूले ख्रीष्ट येशू प्रभुलाई व्यक्तिगत प्रभु अनि मुक्तिदाता भनेर ग्रहण गर्न सकून् ।

४. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको निम्ति ज्ञान बुद्धि, एकता, मेल मिलाप मागिदिऔं साथै सबैको हित हुने ठीक संविधान समयमा बनि सकून् ।

५. मण्डलीअन्तर्गत भइरहेको सबै सेवा संगति, प्रार्थना सभा, बाइबल अध्ययन, पुरुष, महिला संगति, बाल संगति अनुगमन कक्षा साथै आराधना सेवामा आशिष मागौं ।

६. मण्डलीको विश्वासीहरूले परमेश्वरको प्रेम र ख्रीष्ट येशू प्रभुमा पाइने सित्तैंको मुक्तिको सुसन्देश ठीक प्रकारले प्रचार गर्न सकून् जसको फलस्वरूप ख्रीष्ट येशू प्रभुमा विश्वास गर्नेहरू मूल्य चुकाउनेहरू पनि हुन सकून् ।

७. गुड फ्राइडे र ईस्टरको समयमा प्रचारिएको सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।

८. नेपालका सुसमाचार पुग्न नसकेका गाउँ, जिल्लाहरूमा र मण्डली स्थापना हुन नसकेका ठाउँहरूमा सुसमाचार पुग्न सकोस् र मण्डली स्थापना भएको होस् ।

९. नेइमअन्तर्गतका शाखा/आवद्ध मण्डलीहरू सेवकाइ गरिराख्नुभएको सम्पूर्ण सेवक/सेविकाहरू साथै मण्डलीका सबै विश्वासीहरूको लागि प्रार्थना गरिदिऔं ।

१०. नेपाल देशका सबै मण्डलीहरू प्रार्थना, वचन, पढाई, स्तुति प्रशंसा, सुसमाचार प्रचार, प्रेम र पवित्रताको क्षेत्रमा अझै अघि बढ्दै जान सकून् साथै ख्रीष्ट प्रभुको दोस्रो आगमनको निम्ति सधैं तयार रहनेहरू हुन सकून् ।

११. एक लाख जवान जित्ने दर्शन लिएका मण्डलीका जवानहरूले स्कूल, क्याम्पस, साथै काम गर्ने ठाउँहरूमा आ-आफ्नो साथीहरूलाई सुसमाचार सुनाउन सकून् ।

१२. एस.एल.सी. दिएर बस्नुभएका विद्यार्थीहरू साथै स्कूल कलेजमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूको पढाइको लागि प्रार्थना गरिदिऔं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>**Sunday** | २५ 7<br>विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>**२ कोरिन्थी २:१४-१७** | १ वैशाख २०७० 14<br>मण्डलीलाईअगुवाइ गरिराख्नु भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि अघि बढाउन सकून्<br>**भजनसंग्रह ३२:८, १४३:१०** | ८ 21<br>नेपाल देशका सबै जिल्लाहरूमा सुसमाचार फैलिएर जान सकोस् र धेरै नेपालीहरू प्रभुको राज्यमा आउन सकून् ।<br>**१ तिमोथी २:१-८** | १५ 28<br>शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनलाई पवित्र आत्माको सहायता र अगुवाइ मागिदिऔं ।<br>**भजनसंग्रह ७८:७१-७२** |
| **सोमबार**<br>**Monday** | २६ 8<br>हप्ताभरि विभिन्न ठाउँहरूमा हुने बिहानको प्रार्थना सभामा मण्डलीले प्रार्थनाको महत्व बुझी प्रार्थना सभामा आउन सकून् ।<br>**यूहन्ना १४:१२-१४** | २ 15<br>प्रत्येक विश्वासीहरूको व्यक्तिगत प्रभुसँगको संगति र पारिवारिक वेदी कहिल्यै नसेलाएको होस् ।<br>**भजनसंग्रह ८४:१-८** | ९ 22<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना बोझसहित लागिपर्न सकौं ।<br>**मत्ती २८:१८-२०** | १६ 29<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>**१ थेसलोनिकी ५:१६-१८** |
| **मंगलबार**<br>**Tuesday** | २७ 9<br>सबै सेवक/सेविकाहरूको सेवकाइमा पवित्र आत्माको अगुवाइ, भरपूरी र सहायता मागिदिऔं ।<br>**फिलिप्पी २:१३** | ३ 16<br>मण्डलीमा भइरहेको आत्मिकी सभामा धेरैले आत्माको भरपूरी पाउन सकून् साथै जुवाहरू भाँचिएको होस् र चंगाई तथा निको हुवाई पाउन सकून् ।<br>**यशैया ३५:३-७,१०** | १० 23<br>सबै विश्वासीहरू जीवनका सबै क्षेत्रमा परमेश्वरबाटको अभिप्राय अनुसार इच्छा गर्ने र काम गर्नेहरू हुँदै जान सकून् ।<br>**फिलिप्पी २:१२-१७** | १७ 30<br>हामी सबै ख्रीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>**यहून्ना १०:२७-३०** |
| **बुधबार**<br>**Wednesday** | २८ 10<br>घरेलु संगतिका सबै अगुवाहरूले आफ्नो झुण्डलाई हुर्काउने, बढाउने काम पवित्र आत्माको सहायताद्वारा अझ उत्साहसाथ गर्दै जान सकून् ।<br>**१ पत्रुस ५:२-४** | ४ 17<br>हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि पनि प्रार्थना, सहायता, सहयोग, वास्ता गर्नेहरू भई आशिषको कारण बन्न सकौं ।<br>**१ थेसलोनिकी ५:११** | ११ 24<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू ख्रीष्टको असल साक्षी भएर जिउनको लागि बप्तिस्माको कदम उठाउन सकून् ।<br>**फिलिप्पी २:१५-१६** | १८ May 1<br>परमेश्वरको वचन सुन्न, बुझ्न र सुनेको वचनलाई मनन गरी त्यसअनुसार जिउनलाई बाधा दिने सबै अन्धकारका कुराको विरुद्धमा प्रार्थना गरौं ।<br>**२ कोरिन्थी १०:३-५** |
| **बिहीबार**<br>**Thursday** | २९ 11<br>परिवारका सबै सदस्यहरू परिवारमा, मण्डलीमा र समाजमा असल साक्षी भएर जिउन सकून् ।<br>**एफिसी २:१०** | ५ 18<br>मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन आफ्नो परिवार र मण्डलीको लागि आशिषमय बन्न सकून् ।<br>**भजनसंग्रह १४४:१२-१५** | १२ 25<br>सबै जवानहरू आफूले पाएको मुक्तिको सुसमाचार सुनाउन अझै बोझ र दर्शनकासाथ लागिपर्न सकून् ।<br>**रोमी १०:१४-१७** | १९ 2<br>सबै बालबालिकाहरूको आत्मिकी जीवन, पढाई, स्वास्थ्य र सुरक्षाको लागि प्रार्थना गरिदिऔं ।<br>**उत्पत्ति १७:१-८** |
| **शुक्रबार**<br>**Friday** | ३० 12<br>झूटा शिक्षा र शिक्षकको भर्माउने कुराहरूबाट होशियारी रहन मण्डलीका सबै सदस्यहरूलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>**यूहन्ना १६:१३-१५** | ६ 19<br>आराधना सेवामा आउनेहरू आत्मा र सत्यतमा आराधना गर्न र वचन सुन्नका निम्ति हृदयको तयारीमा आउन सकून् ।<br>**भजनसंग्रह १२२:१-४, २६:८** | १३ 26<br>मण्डली वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>**यूहन्ना १४:२१, २३-२४** | २० 3<br>मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।<br>**यशैया ४५:२०-२३** |
| **शनिबार**<br>**Saturday** | ३१ 13<br>कारागारमा भइरहेको संगतिद्वारा अझ धेरैले प्रभुलाई चिन्न सकून् ।<br>**प्रेरित १६:२५-३१** | ७ 20<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट भोगिरहनुभएका विश्वासीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>**यूहन्ना १६:३३** | १४ 27<br>अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू ख्रीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>**प्रस्थान २०:१-६** | २१ 4<br>विश्वव्यापी मण्डलीहरूमा हुने आराधना सेवामा परमेश्वरको इच्छा पूरा भएको होस् र उहाँलाई नै सदा महिमा मिलेको होस् ।<br>**यशैया ५५:६-१३** |